# उच्च घनत्वको स्याउ तथा ओखर बगैचा स्थापना कार्यक्रम सञ्चालन मापदण्ड २०७८

*जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको बैठक २०७८/०८/२२ बाट स्वीकृत गरिएको*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

**जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समिति, सोलुखुम्बु**

# उच्च घनत्वको स्याउ तथा ओखर बगैंचा स्थापना कार्यक्रम सञ्चालन मापदण्ड २०७८

प्रस्तावनाः मुलुकको अर्थतन्त्रको मेरुदण्ड कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा वागवानी क्षेत्रले महत्वपूर्ण स्थान लिए तापनि फलफूलको हकमा आयातनै बढी भएको परिवेशमा खाद्य पोषणमा टेवा पुऱ्याउनुका साथै भू-क्षय, प्रदुषण नियन्त्रण तथा वातावरणीय संरक्षणमा समेत मद्दत पुऱ्याउने फलफूल खेतीमा आत्मनिर्भर हुन स्याउ/ ओखरको उत्पादन र उत्पादकत्व वृद्धिका निमित्त स्याउको उच्च घनत्वको बगैंचा तथा ओखर बगैंचा स्थापनाको कार्यक्रम तर्फ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको विभिन्न सम्भागहरुमा स्याउ एवं ओखरको निमित्त रकम विनियोजन गरेकोले कृषक/कृषक समूह/कृषि सहकारी/ नीजि फार्महरुलाई स्याउ ओखरका बगैंचा स्थापना गर्न उत्प्रेरित गर्नका लागि, कृषकहरुको ५० प्रतिशत आफ्नै लगानि भएको हुँदा कृषक स्वयंलाई बिरुवा छनोट तथा खरिदमा जिम्मेवार एवं उत्तरदायी बनाउन र कृषकहरुको अनुदान कृषककै खातामा भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै लक्षित कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि *उच्च घनत्वको स्याउ बगैंचा तथा ओखर बगैंचा स्थापना कार्यक्रम सञ्चालन मापदण्ड, २०७८* प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई ओखलढुंगा जिल्ला परियोजना कार्यान्वयन, समन्वय तथा अनुगमन समिति सोलुखुम्बुबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "उच्च घनत्वको स्याउ बगैंचा तथा ओखर बगैंचा स्थापना कार्यक्रम सञ्चालन मापदण्ड, २०७८" रहेको छ ।

(२) यो मापदण्ड स्वीकृत भएको मितिले प्रारम्भ हुनेछ ।

१. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस मापदण्डमा,-

(क) **"अनुदानग्राही"** भन्नाले यस मापदण्ड अनुरुप अनुदान प्राप्त गर्न छनौट भएका कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीहरूलाई सम्झनु पर्छ ।

(ख) **"अनुदान"** भन्नाले उच्च घनत्वको स्याउ बगैंचा तथा ओखर बगैंचा स्थापना कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने प्राविधिक तथा आर्थिक सहयोग सम्झनु पर्छ ।

(ग) **"आपूर्तिकर्ता"** भन्नाले स्याउ ओखरको बिरुवा उपलब्ध गराउने वितरक, सहकारी, फार्म र कम्पनी सम्झनु पर्छ ।

(घ) **"कार्यक्रम"** भन्नाले उच्च घनत्वको स्याउ बगैंचा तथा ओखरको बगैंचा स्थापना कार्यक्रम सञ्चालन गर्न स्वीकृत गरिएको वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ङ) **"एकाइ"** भन्नाले परियोजना कार्यान्वयन एकाइ ओखलढुङ्गा सम्झनु पर्छ ।

(च) **"प्रस्ताव"** भन्नाले उच्च घनत्वको स्याउ बगैंचा तथा ओखर बगैंचा स्थापना कार्यक्रम तर्फ प्रति रोपनी सरदर १६५ वोटका दरले आवश्यक बिरुवा लगाई बगैंचा स्थापना गर्ने तथा ओखर बगैंचा तर्फ रोपनी सरदर १७ वोटका दरले आवश्यक बिरुवा लगाई बगैंचा स्थापना गर्ने ईच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक, कृषक समूह र कृषि सहकारीले पेश गरेको आवेदन पत्र सम्झनु पर्छ ।

(छ) **"प्रस्तावक"** भन्नाले आवेदन पेश गर्ने कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक, कृषक समूह र कृषि सहकारी सम्झनु पर्छ ।

(ज) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ ।

(ञ) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ट) **प्राविधिक समिति:** परियोजना कार्यान्वयन म्यानुअलमा उल्लेख भए अनुसार दफा ४.३.११ (ग) बमोजिम गठित समित सम्झनु पर्छ ।

(ठ) **जोन संचालन समन्वय समिति:** परियोजना कार्यान्वयन म्यानुअलमा उल्लेख भए अनुसार दफा ४.३.१२ बमोजिम गठित समित सम्झनु पर्छ ।

(ड) **जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समिति:** परियोजना कार्यान्वयन म्यानुअलमा उल्लेख भए अनुसार अनुसूची ५ बमोजिम गठित समित सम्झनु पर्छ ।

२. **उद्देश्य:** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(क) गुणस्तरीय स्याउ/ ओखरका बिरुवा आवश्यक परिमाणमा उपलब्ध गराउने,

(ख) स्याउ/ओखर खेतीको व्यावसायीकरण गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने,

(ग) स्याउ/ओखरको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

(घ) रोजगारीको अवसर सिर्जना गरी कृषकहरुको जीवनस्तरमा सुधार ल्याउने,

(ङ) स्याउ/ओखर प्रशोधन र बजारीकरणमा सहयोग पुऱ्याउने,

(च) खाद्य तथा पोषणमा सुधार ल्याउन फलफूलको उपभोगस्तर बढाउने,

(छ) भू-क्षय, प्रदुषण नियन्त्रण तथा वातावरण संरक्षणमा योगदान पुऱ्याउने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

३. **मूल्याङ्कन समिति:** (१) स्याउ/ओखरको बिरुवा माग गरी पेश भएका आवेदनहरुको मूल्याङ्कन तथा आपूर्तिकर्ताको मूल्याङ्कन गरी एकाइमा छनौटको सिफारिश पेश गर्न तपसील बमोजिमको मूल्याङ्कन समिति रहने छ:-

| | |
|---|---|
| (क) प्रमुख, परियोजना कार्यान्वयन एकाइ | संयोजक |
| (ख) प्राविधिक सहायक/नायब प्राविधिक सहायक प. का. ए. | सदस्य |
| (ग) प्रमुख, आर्थिक प्रशासन शाखा, परियोजना कार्यान्वयन एकाइ | सदस्य |
| (घ) नायब सुब्बा, परियोजना कार्यान्वयन एकाइ | सदस्य |
| (ङ) प्रमुख, खरिद एकाइ, परियोजना कार्यान्वयन एकाइ | सदस्य सचिव |

(२) उपरोक्त समितिको बैठकमा आवश्यकता अनुसार बिषय बिज्ञ तथा अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद –३
## कार्यक्रम सञ्चालन प्रकृया

४. **कार्यक्रम लागू हुने जिल्ला:** यो कार्यक्रम आर्थिक वर्ष २०७८/०७९ मा सोलुखुम्बु जिल्लाका स्थानीय तहहरु सोलुदुधकुण्ड नगरपालिका वडा नं ८ र ९, थुलुङ दुधकोशी गाउँपालिका वडा नं १, लिखु पिके गाउँपालिका वडा नं १ र ३, नेचा सल्यान गाउँपालिका वडा नं ३ र ५ र माप्य दुधकोशी गाउँपालिका कडा नं २ र ६ मा सञ्चालन गरिनेछ भने आगामी वर्षहरुमा कार्यक्रमको संभाव्यता, प्रभावकारिता तथा बजेट व्यवस्थाको आधारमा अन्य स्थानीय तहहरुमा समेत विस्तार गर्न सकिनेछ ।

५. <u>कार्यक्रम सञ्चालन:</u> यो कार्यक्रम परियोजना कार्यान्वयन एकाइ ओखलढुङ्गा र कृषि ज्ञान केन्द्र सोलुखुम्बुबाट सञ्चालन गरिने छ । कार्यक्रम सञ्चालनको लागी पचास प्रतिशत अनुदान सहयोगमा स्वीकृत स्पेसिफिकेसन अनुसार उच्च घनत्वका स्याउको बिरुवाहरु तथा ओखरका विरुवाहरु सूचीकृत आपूर्तिकर्ता मार्फत कृषकहरु स्वयंले खरिद गर्ने छन र दफा १४ अनुसारको कार्य संपन्न पश्चात मात्र कृषकहरुसंग गरिएको संझौता अनुसार भए नभएको बिरुवा संख्या एकिन गरि बैंक खातामा स्वीकृत अधिकतम मूल्यको पचास प्रतिशत अनुदान रकम जम्मा गरी दिनेछ ।

६. <u>बिरुवा माग संकलन:</u> प्रस्तावकहरुबाट बिरुवाको माग संकलन गर्न परियोजनाले स्थानीय दैनिक पत्रिका तथा स्थानीय एफ एम रेडियो मार्फत कम्तिमा १५ दिन म्याद राखी सूचना प्रकाशन गर्नेछ । प्रस्तावकले तोकिएको म्याद भित्र अनुसूची -२ र ३ बमोजिम आवेदन र प्रतिबद्धतापत्र परियोजना कार्यान्वयन एकाइमा पेश गर्नु पर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा एकाईले पुन ७ दिनको सूचना प्रकाशन गरी माग संकलन गर्न सक्नेछ ।

७. <u>प्रस्ताव संकलन:</u> प्रस्तावहरु परियोजना कार्यान्वयन एकाइ ओखलढुङ्गा, वा जोन प्राविधिक एकाइ सोलुखुम्बु सल्लेरी मा बुझाउन सकिनेछ ।

८. <u>निर्धारित मापदण्डहरु:</u> यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालनका लागी देहाय बमोजिमका मापदण्डहरु पुरा भएको हुनु पर्नेछ:-

(क) अनुदानग्राहीलाई सरदर प्रति रोपनी १६५ बोट स्याउको बिरुवा वा सरदर प्रति रोपनी १७ बोट ओखरका बिरुवा उपलब्ध गराईने छ,

(ख) अनुदान माग गर्न न्यूनतम १ रोपनीको क्षेत्रफलको माग हुनुपर्ने छ ।

(ग) भाडाको जग्गा भए कम्तिमा १५ वर्षको लागि जग्गा भाडामा लिएको सम्झौता पत्र हुनु पर्नेछ,

(घ) प्रस्ताव दर्ता गराउँदा स्थानीय तहको सिफारिस पत्र संलग्न गर्नु पर्नेछ,

(ङ) आपूर्तिकर्तालि उपलब्ध गराउने बिरुवाको मापदण्ड अनुसूची -४ बमोजिमको हुनु पर्नेछ,

(च) अनुदानग्राहीले आपूर्तिकर्ताहरु मध्येबाट अनुसूची -४ बमोजिम मापदण्ड पुगेका बिरुवा खरिद गर्नु पर्नेछ ।

९. <u>कृषक उद्यमि, समूह तथा सहकारी छनोट:</u> छनौटको प्रक्रिया अनुसूचि ५ बमोजिम हुनेछ:

(क) परियोजनाका प्राविधिक कर्मचारीहरु तथा जोन संचालन समन्वय समितिका प्रतिनिधिबाट स्थलगत अनुगमन तथा सिफारिश

(ख) प्राविधिक समितिबाट छनौटको सिफारिश ।

(ग) कृषक समूह र कृषी सहकारीलाई प्राथमिकता दिईने ।

१०. <u>आपूर्तिकर्ता छनौट तथा दरभाउ निर्धारण:</u> (१) स्वीकृत स्पेसिफिकेसन अनुसारको उच्च घनत्वमा लगाउने स्याउको बिरुवा तथा ओखरको विरुवा आपूर्ति गर्न इच्छुक आपूर्तिकर्तालि तोकेको अवधिभित्र स्पेशिफिकेशन सहितको दरभाउपत्र पेश गर्न परियोजना कार्यान्वयन एकाइले राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा १५ दिनको म्याद राखी अनुसुची -१ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ । यसरी दरभाउ पत्र (अंक र अक्षरमा उल्लेखित) पेश गर्ने आपूर्तिकर्तालि सोलुखुम्बु जिल्लाको सदरमुकामसम्म ढुवानी गर्नुपर्नेछ ।

(२) दफा ४ वमोजिम गठित मुल्याङ्कन समितिले आपूर्तिकर्ता छनौट गरी परियोजना कार्यान्वयन एकाइमा सिफारिश गर्नेछ ।

(३) परियोजना कार्यान्वयन एकाइले प्राप्त दरभाउ पत्रबाट स्याउ/ओखरको बिरुवाको दरभाउ (अधिकतम मूल्य) निर्धारण गरि जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिबाट अनुमोदन गराउने छ र अनुसुची -६ बमोजिमको ढाचामा आपूर्तिकर्ता संग सम्झौता गर्नेछ ।

११. **उच्च घनत्व स्याउ बगैंचामा trellising पूर्वाधारमा अनुदानः** कार्यक्रम तथा बजेटको उपलब्धताको आधारमा स्वीकृत प्रस्तावहरुमा उच्च घनत्वको स्याउ बगैंचामा स्थापनाका निमित्त आवश्यक पर्ने trellising पूर्वाधारमा अनुदान उपलब्ध गराउन सकिनेछ।

१२. प्रस्तावकलाई जानकारी: छनौट भएको प्रस्तावकहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र परियोजनाले जानकारी दिनु पर्नेछ ।

१३. सम्झौता: (१) अनुदानग्राहीले जानकारी प्राप्त गरेको १५ दिनभित्र परियोजना कार्यान्वयन म्यानुअल २०७७ को अनुसूचि १२ बमोजिमको ढाँचामा परियोजनासंग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र अनुदानग्राही सम्झौता गर्न नआएमा क्रमश अन्य संभावित कृषक उद्यमि, समूह तथा सहकारीहरु संग नियमानुसार सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१४. प्रस्तावित कार्यक्रम लागतः

| सि.नं. | क्रियाकलापहरु | परियोजनाबाट अनुदान सहयोग बढीमा | अनुदानग्राहीबाट स्वलगानी कम्तीमा | जम्मा कार्यक्रम बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्याउ/ओखरको बिरुवा वितरण | ५०% | ५०% | १००% | |
| २ | उच्च घनत्व स्याउ बगैंचामा trellising पूर्वाधारमा अनुदान | | | | |
| ३ | कृषक तालीम | जिल्लाको प्रचलित दरभाउलाई आधार मानि तयार गरिएको इष्टिमेट अनुसार | | | |
| ४ | सूचना प्रकाशन | | | | |
| ५ | कर्मचारीबाट अनुगमन भ्रमण तथा मूल्याङ्कन बैठक आदि | | | | |
| | नमूना बगैचा अवलोकन भ्रमण | | | | |

१५. अनुदानग्राहीले परियोजनामा सूचीकृत भएको आपूर्तिकर्ता मध्येबाट मात्र स्याउ/ओखरको बिरुवा खरिद गर्नु पर्नेछ। सूचीकृत भएको आपूर्तिकर्ताले बिरुवा आयात गर्दाका बखत बिरुवा आयात अनुमति पत्र स्वयम्ले प्राप्त गरेको हुनुपर्ने छ। स्याउ/ओखरको बिरुवा खरिद गरी रोपण कार्य सम्पन्न भए पश्चात संबन्धित वडाको सिफरिस, स्थानीय तहको सिफारिस, जोन संचालन समन्वय समिति तथा परियोजना कार्यान्वयन एकाइका प्राविधिकको सिफारिस पश्चात मात्र बिल, फोटो र अन्य कागजातको आधारमा परियोजनाले अनुदानग्राहीको बैंक खातामा

जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिले निर्धारण गरेको मूल्यको पचास प्रतिशत अनुदान रकम जम्मा गरी दिनेछ ।

१६. आपूर्तिकर्ताले अनुदानग्राहीलाई स्वीकृत स्पेसिफिकेसन अनुसारको बिरुवा उपलब्ध गराउनु पर्नेछ ।

१७. सम्झौतामा उल्लेख गरेको परिमाणमा अनुदानग्राहीले स्याउको बिरुवा लैजानु पर्नेछ ।

१८. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## अनुगमन तथा मूल्याङ्कन

१९. अनुगमन तथा मूल्याङ्कनः (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन संघिय मन्त्रालय, प्रादेशिक मन्त्रालय, जिल्ला परियोजना कार्यान्वयन तथा अनुगमन समिति, स्थानीय तहहरु र अन्य सरोकारवालाहरुले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

(२) अनुदानग्राहीले अनुसूची -७ बमोजिमको ढाँचामा मासिक रुपमा प्रगति प्रतिवेदन परियोजनामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -६
## विविध

२०. कारबाहीको व्यवस्थाः (१) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई अनुदान रोक्का गरिनेछ।

(२) अनदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा प्रचलित ऐन नियम अनुसार कार्वाही गरिनेछ ।

२१. प्रचलित कानून बमोजिम हुनेः यस मापदण्डमा उल्लेख भएका विषयमा यसै मापदण्ड बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

### उच्च घनत्वमा लगाउने स्याउको बिरुवा तथा ओखर विरुवाको आपूर्तिकर्ताहरुलाई सूचीकृत हुनेबारे सूचना !

### सूचना प्रकाशित मिति :

प्रस्तुत बिषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गाको चालु आ.व.............................. को स्वीकृत बार्षिक कार्यक्रम अनुसार उच्च घनत्वको स्याउ बगैचा तथा ओखर बगैचा स्थापनाका लागि ५०% अनुदानमा अधिकतम ........................परिमाणमा सोलुखुम्बु जिल्लामा स्याउ/ओखरका बिरुवा वितरण गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक आधिकारिक रुपमा दर्ता भएका फलफूल बिरुवा आपूर्तिकर्ताहरुले कार्यालयले स्वीकृत गरेको प्राविधिक विशिष्टीकरण (technical specification) भएका बिरुवाहरुको जात, सरदर मूल्य र आपूर्ति गर्न सक्ने बिरुवाको परिमाण सहितको सिलबन्दी विवरण उल्लेख गरि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजात सहित परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गामा सूचीकृत गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । आपूर्तिकर्ताले बिरुवा आयात गर्दाका बखत बिरुवा आयात अनुमति पत्र स्वयम्ले प्राप्त गरेको हुनुपर्ने छ। साथै बिरुवाको जात, Specification र अन्य फारमहरु यस कार्यालयको Websites: https://piuokhaldhunga.pmamp.gov.np बाट लिन सकिनेछ ।

आवश्यक कागजातहरु:

१. संस्था, स्थायी लेखा नम्बर दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी।
२. गत आ.व.को कर चुक्ता प्रमाणको प्रतिलिपी।
३. बिगतका बर्षहरुमा बिरुवा आयात गरेको प्रमाण, बिरुवाको श्रोत तथा अनुभव संबन्धी कागजात (भएमा)
४. संस्थाको बिगत तिन बर्ष देखिको Balance Sheet, Income statement, Average annual turnover etc.

अनुसूची -२
(दफा ७ सँग सम्बन्धित)

मिति : २०७८ /    /

प्रधानमन्त्री कृषि अधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गा।

बिषय :- उच्च घनत्वको स्याउ बगैचा तथा ओखर बगैचा स्थापनाका लागी विरुवा उपलब्ध गराई पाउँ ।

उपरोक्त बिषयमा High density प्रविधिबाट व्यवसायिक स्याउ बगैचा स्थापना/ ओखर बगैचा को लागि म / हामी इच्छुक छौ। मेरो/हाम्रो स्याउ फर्म/सहकारी/कृषक समुह/ उद्यमी ..................................................................का लागि तपशिलको परिमाणमा High density प्रविधि अनुसार व्यवसायिक बगैचा स्थापनाका लागि स्याउको विरुवा / ओखर विरुवा आवश्यक रहेकोले निम्न अनुसारको विवरण सहित बिरुवा (५०% अनुदानमा) उपलब्ध गराउने ब्यवस्थाका लागि अनुरोध गर्दछु /गर्दछौ । मेरो /हाम्रो तर्फबाट ब्यहोर्नु पर्ने ५०% ले हुन आउने विरुवाको रकम बारे जानकारी प्राप्त हुना साँथ परियोजना कार्यान्वयन एकाइमा उक्त रकम बुझाउन तयार छु /छौ ।

तपशित

प्रदेश :- जिल्ला :-

गाउँपालिका/नगरपालिका :- वडा नं :- गाउँ/टोल :-

स्याउ फर्म / सहकारी / कृषक समुह / उद्यमी/ कृषकको नाम :-

विरुवा माग सम्वन्धि विवरण :-

| क.स. | नाम थर | ठेगाना | अनुदानमा माग गरेको विरुवा सख्या | स्थापना गर्न खोजेको स्याउ/ओखरको वगैचाको क्षेत्रफल |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निवेदक

दस्तखत ............
नाम (अध्यक्ष/प्रोप्राइटर) :-
सम्पर्क नं. :-

अनुसूची –३

(दफा ७ सँग सम्बन्धित)

<u>प्रतिबद्धता पत्र</u>

............................को मिति............................को सूचना अनुसार उच्च घनत्वको स्याउको बिरुवा/ओखरको विरुवा रोपण कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा परियोजनाबाट प्रास अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला ।

<u>आनुदानग्राहीको तर्फबाट</u>

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसूची -४

(दफा ९ सँग सम्बन्धित)

आपूर्तिकर्ताले उपलब्ध गराउने स्याउको बिरुवाको **Technical Specifications**

१. स्याउको जात Golden Delicious, Red Delicious, Gala, Fuji र Red Jonaprince हुनु पर्ने छ । यी जातहरु मध्ये Red Delicious ,Gala र Fuji लाई परागसेचनको लागी आबश्यक पर्ने Golden Delicious को जात कम्तीमा १० प्रतिशत हुनु पर्नेछ र Red Jonaprince लाइ परागसेचनको लागी आबश्यक पर्ने Gala को जात कम्तीमा १० प्रतिशत हुनु पर्नेछ ।अन्य उपरोक्त जातहरुको संख्या स्थानिय जिल्लाको माग अनुसार तय गर्न सकिनेछ।

२. स्याउ कलमी बिरुवाको Rootstock को जात M9 हुनु पर्नेछ ।

३. उपरोक्त Scion र Rootstock का जातहरु Apple High Density Planting को लागी 1m X 3m Spacing मा आधारीत व्यबसायिक स्याउ खेतीको लागी उपयुक्त हुनु पर्नेछ ।

४. उपरोक्त Scion र Rootstock का Varieties र Strains समेतको Catalogue तथा ती जातहरुको Pest List (Tolerant/Resistant/Susceptible to different Insect and Discases) को बिवरण समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बिरुवाको उचाइ १.७ देखी २.२ मिटर सम्मको हुनुपर्नेछ ।

६. प्रत्येक स्याउका कलमी बोट प्रशस्त जरा भएको हुनु पर्नेछ र ती जराहरु पूर्णरुपले माटो रहित र स्वस्थ हुनुपर्नेछ ।

७. अगुवा हाँगा (Leader) सोझो, नभाँचिएको, कोपिलाहरु पुष्ट भएको र vigorous growth भएको बोट हुनुपर्नेछ ।

८. अगुवा हाँगा (Leader) लाई प्रभाव पार्ने अन्य कुनैपनि हाँगाहरु नभएको हुनुपर्नेछ ।

९. १२ देखी २५ से.मी.लामो कम्तीमा ६ वटा फल्ने हाँगाहरु ( Feather Branches) भएको हुनुपर्नेछ ।

१०.फल्ने हाँगाहरु ( Feather Branches) जमिनको सतहदेखी ६० से.मी.को उचाइ बाट पलाएको हुनुपर्नेछ ।जमिनको सतहबाट ६० से.मी. सम्म एउटा पनि फल्ने हाँगा ( Feather Branch) नभएको हुनुपर्नेछ ।

११.अगुवा हाँगा (Leader) को चारैतिर बाट Regular Intervals मा फल्ने हाँगाहरु ( Feather Branches) आएको हुनु पर्नेछ र फल्ने हाँगाहरु ( Feather Branches) अगुवा हाँगा (Leader) बीचको Crotch Angel ४५ डिग्री भन्दा कम नभएको हुनुपर्नेछ ।

१२.स्याउका कलमी बिरुवाहरु Quarantine Pest Free भएको बिरुवाको स्वास्थ्य जाँचको Phytosanitary Certificate स्याउ बिरुवा ढुवानीको समयमा पेश गर्नुपर्नेछ ।

१३.स्याउका कलमी बिरुवाहरु प्याकिङ्ग गर्दा बेग्ला बेग्लै जातहरु छुट्टिने गरी लेबल राखेर १०-१० वटा बिरुवाको Bundle बनाइ प्याकिङ्ग गर्नुपर्नेछ । त्यसरी प्याक गरीएका स्याउका कलमी बिरुवाहरु Refrigerated Container मा ढुवानी गर्नु पर्नेछ र तोकीएको अन्तिम स्थान सम्मनै Refrigerated Container मा नै ढुवानी गरी पुर्याउनु पर्नेछ ।

१४.अन्तिम स्थानमा Refrigerated Container बाट स्याउका कलमी बिरुवाहरु unload गरी सके पछी स्याउ बगैचा स्थपना गर्ने स्थानसम्म स्याउ बिरुवाहरु ढुवानी गर्दा भिजेको स्थानिय झ्याउ र पातलो जुटको बोराले बेरेर राम्ररी स्थानिय झ्याउले प्याकिङ्ग गर्नु पर्नेछ ।स्याउका बिरुवाहरु सुख्न नदिन झ्याउलाई समय समयमा पानीले भिजाइ चिस्यान कायम गर्नु पर्नेछ।स्याउको भारी बिसाउदा चिसो वा छायाँ परेको ठाउँमा भारी बिसाउनु पर्नेछ ।गाडी चल्ने स्थानमा सके सम्म गाडी बाट र अन्य स्थानमा जुनसुकै साधन ( भरिया, खच्चड आदी) बाट स्याउ बिरुवाहरु ढुवानी गर्दा स्याउ बिरुवाहरुमा कुनै पनि अबस्थामा हानी नोक्सानी नहुने गरी सावधानीपूर्बक ढुवानी गर्नु पर्नेछ ।

## आपूर्तिकर्ताले उपलब्ध गराउने ओखरको बिरुवाको Technical Specifications

१.ओखरको जात Chandler र Fernor हुनुपर्नेछ । यी जातहरु मध्ये परागसेचनको लागी आबश्यक पर्ने Franquette को जात कम्तीमा ५ प्रतिशत र Femnet जात कम्तीमा ५ प्रतिशत हुनुपर्नेछ ।

२. ओखर कलमी बिरुवाको Rootstock को जात Paradox Hybrid को Clonal Rootstock $RX_1$ र $VX_{211}$ हुनुपर्नेछ।

३. उपरोक्त Scion र Rootstock का जातहरु ६ मी. x ५ मी. Spacing मा आधारीत व्यबसायिक ओखर खेतीको लागी उपयुक्त हुनु पर्नेछ ।

४. उपरोक्त Scion र Rootstock का varieties र strains समेतको catalogue तथा ति जातहरुको Pest List(Tolerant/Resistant/Susceptible to different Insect and Diseases) को बिबरण समेत संलग्न गरेको हुनुपर्नेछ ।

५. बिरुवाको उचाइ ७५ से.मी. देखी १ मिटर सम्मको र मोटाइ १.५ से.मि.देखी २ से.मि. हुनु पर्नेछ ।

६. अगुवा हाँगा (Leader) एकल हाँगा (Single Stemmed) भएको, सोझो नभाचिएको, कोपिलाहरु पुष्ट भएको र Vigorous growth भएको बोट हुनुपर्नेछ ।

७. प्रत्येक ओखरका कलमी बोटको मूल जरामा कम्तीमा ३ देखी ४ वटा सहायक जराहरु भएको हुनुपर्नेछ । जराहरुमा प्रशस्त स-साना जराहरु भएको हुनुपर्नेछ र जराहरु पूर्णरुपले माटो रहित र स्वस्थ हुनुपर्नेछ ।

८. ओखरका कलमी बीरुवाहरु Quarantine Pest Free भएको बिरुवाको स्वास्थ्य जाँचको Phytosanitary Certificate ओखर बिरुवा ढुवानीको समयमा पेश गर्नुपर्नेछ ।

९. ओखरका कलमी बिरुवाहरु प्याकिङ्ग गर्दा बेग्ला बेग्लै जातहरु छुट्टिने गरी लेबल राखेर १०-१० वटा बिरुवाको Bundle बनाइ Long Distant Shipment को लागी Standard Packaging Materials मा प्याकिङ्ग गरेको हुनुपर्नेछ । त्यसरी प्याक गरीएका ओखरका कलमी बिरुवाहरु Refrigerated Container मा ढुवानी गर्नु पर्नेछ र तोकीएको अन्तिम स्थान सम्म नै Refrigerated Container मा नै ढुवानी गरी पु-याउनु पर्नेछ ।

१०. अन्तिम स्थानमा Refrigerated Container बाट ओखरका कलमी बिरुवाहरु unload गरी सकेपछी ओखर बगैचा स्थपना गर्ने स्थानसम्म ओखर बिरुवाहरु ढुवानी गर्दा भिजेको स्थानिय झ्याउ र पातलो जुटको बोराले बेरेर राम्ररी स्थानिय झ्याउले प्याकिङ्ग गर्नु पर्नेछ ।ओखरका बिरुवाहरु सुख्न नदिन झ्याउलाई समय समयमा पानीले भिजाइ चिस्यान कायम गर्नु पर्नेछ।ओखरको भारी बिसाउदा चिसो वा छायाँ परेको ठाउँमा बिसाउनु पर्नेछ ।गाडी चल्ने स्थानमा सके सम्म गाडी बाट र अन्य स्थानमा जुनसुकै साधन ( भरिया, खच्चड आदी) बाट ओखर बिरुवाहरु ढुवानी गर्दा ओखर बिरुवाहरुमा कुनै पनि अबस्थामा हानी नोक्सानी नहुने गरी सावधानीपूर्बक ढुवानी गर्नु पर्नेछ ।

## अनुसूची -५

(दफा १० सँग सम्बन्धित)

**आवेदक छनौट गर्न मूल्याङ्कनका आधारहरु**

| क.स. | सूचक | अंक | कैफियत |
|---|---|---|---|
| १ | **संरचना निर्माण तथा स्याउ/ओखर खेतीको लागि उपयुक्तता** | १० | प्रमाण पेश गर्नु पर्ने र स्थानीय निकायको सिफारिस |
| क | सडक, सिचाइको श्रोत, बिजुलीको सुविधा उपलब्ध भएको | १० | |
| ख | बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने | ५ | |
| २ | **प्रस्तावित स्याउ/ओखर खेती गरिने जग्गाको उपलब्धता** | ३५ | |
| ३ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | १० | बैंक तथा बित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर । |
| क | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | १० | |
| ख | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता न्यून सम्भावित देखिएको | ५ | |
| ४ | **प्रस्तावकको प्राविधिक क्षमताको अवस्था** | १५ | प्रमाणपत्र पेश गर्नुपर्ने । |
| क | स्नातक /डिप्लोमा / आइ.एस्सी.एजी / जे.टी / जे.टी.ए/ कम्तिमा २ बर्ष अनुभब(संचालक/शेयर होल्डर ) | १५ | |
| ख | सामान्य कृषि सम्बन्धि प्राविधिक ज्ञान | १० | |
| ५ | **जमिनको अवस्था** | ३० | लालपूर्जा वा करारनामा पेश गर्नु पर्नेछ । |
| क | आफ्नै नाममा भएको | ३० | |
| ख | केही आफ्नै नाममा र केही करारमा लिएको | २५ | |
| ग | करारमा लिएको | २० | |
| | कूल जम्मा | १०० | |

नोटः कम्तीमा ५०% अंङ्क ल्याउने मात्र छनौट हुनेछन्, allocation भएको बजेट भन्दा बढी माग आए परियोजनाले आधार तयार गरि छनौट गर्नेछ।

अनुसूची -६

(दफा १३ सँग सम्बन्धित)

परियोजना र आपूर्ताकर्ता वीच भएको द्विपक्षिय सम्झौता

परियोजना कार्यान्वयन एकाइबाट आ.व. ... ... ... ... ... मा सञ्चालन गरिने उच्च घनत्वको स्याउ बगैचा/ओखर बगैचा स्थापना कार्यक्रमलाई आवश्यक पर्ने तपसिलको परिमाणमा स्याउ/ओखर को बिरुवा उपलब्ध गराउन परियोजना कार्यान्वयन एकाइ ओखलढुङ्गा (यस पछी प्रथम पक्ष भनिने), र आपूर्तिकर्ता ... ... ... ... ... ... ... ...(यस पछी दोश्रो पक्ष भनिने) का बीच स्वीकृत स्पेसिफिकेसन अनुसारका स्याउ/ओखरका बिरुवा कृषकको माग अनुसार उपलब्ध गराउन तपसील अनुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

शर्तहरु:

१. यो सम्झौता पत्र उच्च घनत्वको स्याउ बगैचा एवं ओखर बगैचा सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ ।
२. सम्झौता गर्ने दुबै पक्षले हस्ताक्षर गरेको मितिबाट यो सम्झौता प्रारम्भ हुनेछ ।
३. दोश्रो पक्षले स्वीकृत स्पेसिफिकेसन अनुसार कृषकको माग अनुसारका जातका स्याउ/ओखरको बिरुवा प्रथम पक्षले तोकेको अनुदानग्राहीलाई उपलब्ध गराउनु पर्नेछ ।
४. आपूर्तिकर्ताहरुले अनुसूची -४ मा उल्लेख भएका मापदण्ड अनुसारका बिरुवाहरु मात्र उपलब्ध गराउनु पर्नेछ । तोकिएको मापदण्ड पुरा नभएमा बिरुवा उपलब्ध गराएमा परियोजनाले आपूर्तिकर्तालाई प्रचलित कानून बमोजिम कारवाही गर्नेछ।
५. प्रथम पक्षले दोश्रो पक्ष आपूर्तिकर्ता भएको जानकारी सम्बन्धित कृषकहरुलाई गराउने छ ।
६. यस सम्झौतामा उल्लेख भएसम्मको ब्यहोरा यसै सम्झौता अनुसार हुने र उल्लेख हुन छुट भएका अन्य व्यहोराको हकमा आपसी सहमती बमोजिम हुनेछ ।
७. प्रथम पक्ष र दोश्रो पक्ष विच कुनै कुरा बाझिन गएमा प्रचलित कानून बमोजिम हुनेछ ।

| दोश्रो पक्षको तर्फबाट: | प्रथम पक्षको तर्फबाट: |
|---|---|
| नाम, थर : | नाम, थर : |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| आपूर्तिकर्ताको: | कार्यालयको नाम: |
| नाम, ठेगाना: | ठेगाना: |
| छाप: | छाप: |
| रोहवर: | रोहवर: |
| नाम, थर: | नाम, थर: |
| पद: | पद: |
| दस्तखत | दस्तखत |

अनुसूची -७

(दफा १९ (२) सँग सम्बन्धित)

<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

कार्यक्रमको नाम:

कार्यक्रम सञ्चालन गर्ने निकायको नाम:

कार्यक्रम सञ्चालन अवधि:

| क.स. | कार्यक्रमको नाम | अनुदान रकम | हाल सम्मको प्रगति | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण |
|---|---|---|---|---|
| | | | | |

कृषक उद्यमि/समूह/सहकारी अध्यक्ष/व्यबस्थापक/अन्यको नाम:

दस्तखत:

नाम:

पद:

जिल्ला समन्वय समिति कार्यालय
सल्लेरी, सोलुखुम्बु

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
ओखलढुंगा